# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# चिङ्गाड गाउँपालिका
# सुर्खेत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ११५

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
चिङ्गाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सुर्खेत ।

**कैफियत सहितको राय**

हामीले चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. चिङ्गाड गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पुर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन
२. लेखापरीक्षणबाट रू. १ करोड ८७ लाख ४९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १४ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २६ लाख ५० हजार, नियमित गर्नुपर्ने रू. ४६ लाख ४७ हजार रहेको छ ।पालिकाको गतवर्ष रु. ४ करोड ९४ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ४२ लाख ४६ हजार रहेको छ । चिङ्गाड गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. चिङ्गाड गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

चिङ्गाड गाउँपालिका, सुर्खेतको

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>४७</td><td>२४</td><td>१८७४९</td><td>०</td><td>०</td><td>०</td><td>४७</td><td>२४</td><td>१८७४९</td><td>१४५२</td><td>४६४७</td><td>१२६५०</td><td>०</td><td>०</td><td>१७२९७</td><td>०</td></tr>
</table>

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ४९४९७ | ० | ० | ४९४९७ | ० | १८७४९ | ६८२४६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : चिङ्गाड गाउँपालिका, सुर्खेत , चिनगढ गाउँपालिका , सुर्खेत

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | चक्र बहादुर पराजुली | २०७८-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | टिका राम देवकोटा | २०७७-४-१ | |
| कार्यालय प्रमुख | दिर्घ बहादुर बुढा मगर | २०७७-१२-२६ | |
| लेखा प्रमुख | कैलाश गौतम | २०७७-४-१ | |
| लेखा प्रमुख | ईन्द्र प्रसाद अधिकारी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १८,७४९,२५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,८६,९८,३५५.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५,५६,४८,००० | चालु खर्च | २१,६२,८६,४८०.७ |
| प्रदेश सरकारबाट अनुदान | ३,५४,१८,३४९.६ | पूँजीगत खर्च | १०,०९,२८,१०१.५ |
| राजश्व बाँडफाँट | ५,६८,७१,००८ | वित्तीय/अन्य व्यवस्था | ९,०७,५०,६९६ |
| आन्तरिक आय | २०,५७,९२८ | | |
| अन्य आय | ६,३८,४५,७११.९ | | |
| कुल आय | ४१,३८,४०,९९७.५ | कुल खर्च | ४०,७९,६५,२७८.२ |
| बाँकी मौज्दात | | २,४५,७४,०७५.२२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चिङ्गाड गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु चिङ्गाड गाउँपालिकाको उद्देश्य रहेको छ । यस चिङ्गाड गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १७०.१९वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार जनसंख्या रहेको छ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। स्वीकृत कार्यक्रम बिना कारण हटाउने र नया कार्यक्रम वर्षान्तमा हचुवाको आधार कायम गर्ने देखियो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण गरि प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा निरिक्षण गरि उल्लेखित कारवाहि गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।कटटि रकम ढिला दाखिला गरेको देखियो ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।ईन्धनको लगबुक र भ्रमण अभिलेख खाता नराखेको साथै भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च लेखेको ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।लक्षित कार्यक्रम छनौट गर्दा सस्था र सहभागीको प्रतिस्पर्धा नगराएको ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मनमाया आचार्यले मिति २०७७।१०।१० गते रु.३९ करोड ७० लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२३ मा पारित भएको छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २१६२८६४८१ | ४८१९४७७७ | ४९५४६३९८ | ११८५४५३०६ | ६९००२४२१ |
| २ | पूँजिगत खर्चतर्फ | ९०७३०६७१ | ८८२५४२५ | २९८०२३७५ | ५२१०२८७१ | २७५३३२४८ |
| | जम्मा | ३०७०१७१५२ | ५७०२०२०१ | ७९३४८७७३ | १७०६४८१७७ | ९६५३५६६९ |
| | प्रतिशत | | १८.५७ | २५.८५ | ५५.५८ | ३१.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३०७०१७१५२.०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५७०२०२०१.०० अर्थात १८.५७ प्रतिशत, दोश्रो चौमासिकमा रु. ७९३४८७७३.००, अर्थात २५.८५ प्रतिशत र तेश्रो चौमासिकमा रु. १७०६४८१७७.००, अर्थात ५५.५८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ९६५३५६६९.०० अर्थात ३१.४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३४९५७५२१</td><td>२८७४५२८१</td><td>९.३६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७६६३३५१२</td><td>५३१२४४९२</td><td>१७.३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१९७३१७८५७</td><td>१५५१८८४०६</td><td>५०.५५</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१३६७१०००</td><td>९४४९९४७</td><td>३.०८</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७४४३६२२०</td><td>६०५०९०२४</td><td>१९.७१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९७०१६११०</td><td>३०७०१७१५०</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.५५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ३.०८ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **खर्च बिश्लेषण:**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु-२०५७९२८-०० राजस्व बाँडफाँड र अनुदानबाट रु -३४७९३७३५७-०० समेत रु.३४९९९५२८५.०० आम्दानी भएकोमा चालु तर्फ रु.२१६२८६४८०.७० र पूँजिगत तर्फ रु.१००९२८१०१.५० समेत रु.३१७२१४५८२.२० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु.१०३२००००.०० खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.१८ प्रतिशत चालु र ३१.८२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| ११ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भई ४४ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| १२ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा कानून वमोजिम तलवि प्रतिवेदन पारित निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु .१२७१९३३२.०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **वडा सचिवको पदपुर्ती**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ६; वड सचिवको दरबन्दी: ६; वडा सचिवको पदपूर्ति: ५; रिक्त वडा सचिव: १ | |
| १४ | | | **पदाधिकारी सुविधा भुक्तानी**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१०३२००००.०० सुविधा वापत भुक्तानी भएको छ । | |
| १५ | | | **लक्ष्य प्रगति :**<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ५ | १ |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५७७ | ० | ९८ | १३३ | ३४६ |
| सहायक कार्यक्रम संख्या | २२ | ० | ० | ० | २२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ६८१ |
| मृत्युदर्ता | ९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बसाईसराई दर्ता</td><td>३१४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कानून र संचालन स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ८ वटा नियमावली, १९ कार्यविधि लगायत ३७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **न्याय समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नदेखिकएको र यो बर्ष ६ विवाद दर्ता भएकोमा ६ वटा नै फछ्र्यौट भएको देखिन्छ। | |
| २० | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ। | |
| २१ | १८९ र २०३ | २०७८-२-२७ | **पोशाक खर्च**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ र २ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ। साथै सोही ऐनको दफा १५ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ। तर पालिकाले ३३ जना पदाधिकारीलाई रु० २१०००।०० का दरले पोशाक वापत रु.६९३०००.०० खर्च लेखेको छ। ऐनले तोकेको भन्दा वढी भुक्तानी भएको रकम सम्वन्धित पदाधिकारिवाट असूल हुनुपर्ने रु. | |

| सि.नं. | पदाधिकारीको नाम , पद | पोशाक खर्च |
|---|---|---|
| १ | गा पा अध्यक्ष देव वहादुर चन्द | २१००० |
| २ | गा पा उपाध्यक्ष मनमाया आचार्य | २१००० |
| ३ | वडा नं १,वडा अध्यक्ष विर वहादुर वली | २१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ४ | वडा नं २,वडा अध्यक्ष वुधे खत्री | २१००० |
| ५ | वडा नं ३ ,वडा अध्यक्ष रेशम वहादुर जिसी | २१००० |
| ६ | वडा नं ४ ,वडा अध्यक्ष अमर वहादुर चन्द | २१००० |
| ७ | वडा नं ५,वडा अध्यक्ष क्षेत्र वहादुर राना | २१००० |
| ८ | वडा नं ६,वडा अध्यक्ष छविलाल राना | २१००० |
| ९ | कार्यपालिका सदस्य तिलमाया सुनार | २१००० |
| १० | कार्यपालिका सदस्य ललिशर्मा जैसी | २१००० |
| ११ | कार्यपालिका सदस्य लालविर सार्की | २१००० |
| १२ | कार्यपालिका सदस्य तुलसी शाही | २१००० |
| १३ | कार्यपालिका सदस्य कुले कामी | २१००० |
| १४ | कार्यपालिका सदस्य पार्वती चुनारा | २१००० |
| १५ | वडा सदस्य दलजित खड्का | २१००० |
| १६ | वडा सदस्य चन्द्र वहादुर थापा | २१००० |
| १७ | वडा सदस्य डम्मर कुमारी पुन | २१००० |
| १८ | वडा सदस्य देउमा सुनार | २१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| १९ | वडा सदस्य टिके खत्री | २१००० |
| २० | वडा सदस्य भक्त वहादुर वुढा | २१००० |
| २१ | वडा सदस्य मोहनजंग राना | २१००० |
| २२ | वडा सदस्य सिता कुमारी कामी | २१००० |
| २३ | वडा सदस्य तुलसरा विक | २१००० |
| २४ | वडा सदस्य डम्मर वहादुर चन्द | २१००० |
| २५ | वडा सदस्य आशाराम राना क्षेत्री | २१००० |
| २६ | वडा सदस्य पुतली दमाई | २१००० |
| २७ | वडा सदस्य देव वहादुर राना क्षेत्री | २१००० |
| २८ | वडा सदस्य जसविर दमाई | २१००० |
| २९ | वडा सदस्य गंगामती विक | २१००० |
| ३० | वडा सदस्य अनिता राना | २१००० |
| ३१ | वडा सदस्य पवित्रा राना | २१००० |
| ३२ | वडा सदस्य वंम वहादुर सोती मगर | २१००० |
| ३३ | वडा सदस्य ललित वहादुर थापा क्षेत्री | २१००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>६९३०००</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२००५००.०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१५३०६१६.०० खर्च गरेको छ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<table><tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr><tr><td>२८</td><td>३५</td><td>२९</td><td>१९</td><td>२२</td><td>१३३</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १३३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **हेवी ईक्वीपमेण्ट प्रयोग**<br>**हेवी ईक्वीपमेन्ट प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौ. नं/मिति | विवरण | भुक्तानी | ईक्वीपमेन्ट | रकम |
|---|---|---|---|---|
| १७/२०७८।३।२९ | अवलिङ्ग क्याला सडक निर्माण | १२७३८४०/- | डोजर | १२७३८४०/- |
| २३६/२०७८।३।१७ | लामन चुत्रेनी सडक | ८०८८२७/- | डोजर | ८०८८२७/- |
| जम्मा | | | | २०८२६६७/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **गाउँपालिका पुजीगत**<br>**गाउँपालिका पुँजीगत** पुर्वनिर्धारित क्षेतिपुर्ति सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा सम्झौता अनुसार समयमा मालसामान आपूर्तीगर्न नसकेमा आपुर्तक सग सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपुर्ति रकम असूल गर्नुपर्ने उल्लेख छ । वाउनधारा काउले चुत्रेनी गोगने सडक रु. २२०९८९२।६२ को लागतमा मिति २०७७।१२।२५ गते सम्पन्न गर्ने गरी मिति २०७७।९।२० मा न्यु. एण्ड. ए. कन्स्ट्रक्शन संग सम्झौता भएको थियो । निर्माण व्यवसायीले मिति २०७८।२।१७ अर्थात ५२ दिन ढिलो गरी कार्यसम्पन्न गरेकाले सम्झौता रकम रु. २२०९८९२।६२ को प्रतिदिन ०.०५ प्रतिशतले प्रति दिन रु. ११०९।९४ को दरले रु. ५२७१६।८८ पुर्व निर्धारित क्षतिपुर्ति निर्माण व्यवसायीवाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.<br><br>**क्रम** / **कर्मचारीको नाम** / **असुली रकम**<br>२६.१ / न्यु. एण्ड. ए. कन्स्ट्रक्शन / ५२,७१७ | ५२,७१७ |
| २७ | | | **मर्मत संभार कोषः**<br>**मर्मत संभार कोष** संघीय सरकार हस्तान्तरित सर्शतबाट तथा प्रदेश सरकार हस्तान्तरित कार्यक्रमबाट आएको रकम खर्च गर्दा कार्यक्रमले तोकिए अनुसार खर्च गर्नुपर्ने र बांकी रकम फिर्ता गर्नुपर्दछ । पालिकाले संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सर्शतको रकम निमार्ण व्यवसायी तथा उपभोक्ताबाट गराउदा पाँच प्रतिशत मर्मत संभारकोष वापत विलबाट कट्टी गर्ने र उक्त रकम पालिकाको मर्मत संभार कोषमा राख्ने गरेको देखियो यस्तो रकम छुट्टै कोषमा राख्न पाउने देखिदैन । तसर्थ सरकारको देहाय अनुसारको कट्टी रकम नियम अनुसारको सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.१५१२६० | १५१,२६० |

| भौ. नं/ मिति | शिर्षक | उपभोक्ताको नाम / निर्माण व्यवसायीको नाम | बिलभरपाईवेगरभुक्तानी | बिलभरपाईवेगरभुक्तानी |
|---|---|---|---|---|
| १७/२०७८।३।।२९ | प्रदेश शशर्त | अवलिङ्ग क्याला सडक | १२७३८४०/- | २६८१७/- |
| १३/२०७८।३।१७ | प्रदेश शशर्त | गोगने मालिम दह सडक | १७२९००/- | १८२००/- |
| ११/२०७८।३।८ | प्रदेश शशर्त | डाँडा खर्क सिचाई योजना | २३३८२४७/- | ६००००/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १०/२०७८।३।८ | प्रदेश शशर्त | चिङ्गाड खोला अङ्गेतडा तटवन्ध | १४२५०००/- | ३००००/- |
| ८/२०७८।३।३१ | प्रदेश शशर्त | एभरेष्ट कन्स्ट्रक्शन | ९१७७३३/- | १६२४३/- |
| **जम्मा** | | | | **१५१२६०/-** |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| २७.१ | अवलिङ्ग क्याला सडक | २६,८१७ |
| २७.२ | गोगने मालिम दह सडक | १८,२०० |
| २७.३ | डाँडा खर्क सिचाई योजना | ६०,००० |
| २७.४ | चिङ्गाड खोला अङ्गेतडा तटवन्ध | ३०,००० |
| २७.५ | एभरेष्ट कन्स्ट्रक्शन | १६,२४३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१०६७८००।०० तथा २ थान चार पांग्रे सवारी साधन खरिदमा रु.३७९४७८७।०० बजेटबाट खर्च गरेको छ ।

<table>
<tr><th>क्र.स</th><th>सवारी साधन</th><th>खरिद संख्या</th><th>मुल्य</th><th>खरिद मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">1 १</td><td rowspan="3">मोटरसाईकल</td><td rowspan="3">३</td><td>४८२०००।००</td><td>२०७७।०६।१२</td><td rowspan="3"></td></tr>
<tr><td>३२३९००।००</td><td>२०७७।०६।२७</td></tr>
<tr><td>२६१९००।००</td><td>२०७७।०८।२४</td></tr>
<tr><td>2 २</td><td>कार/जिप</td><td>१</td><td>२७५३०००।००</td><td>२०७७।०८।१२</td><td>भ्याटसहित</td></tr>
<tr><td>3 ३</td><td>एम्वुलेन्स</td><td>१</td><td>१०४१७८७।००</td><td>२०७७।१०।२७</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४८६२५८७।००</td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**पाम्सको प्रयोग**

नेपाल सरकार मन्त्रीस्तरीय निर्णय मिति २०७७।७।२० को निर्णय अनुसार सार्वजनिक निकायले सार्वजनिक सम्पत्तिको लेखांकन प्रतिवेदन र एकीकृत विवरण तयार गर्न सवै तहका सवै सरकारी कार्यालयहरुमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assest Management System-PAMS) आर्थिक वर्ष २०७७।७८ वाट अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले पाम्सको प्रयोग गरेको देखिएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **बार्षिक खरिद योजना । गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९०७३०६७१.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३१ | | | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.३९८८९०.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ३२ | | | **गाउँपालिकाको आन्तरिक आय** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२९१०६६३४९।६०</td><td>२०५७९२८।००</td><td>०.७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१६०२६९९.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.२०५७९२८.०० अर्थात अनुमान भन्दा २८.४० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>लागत सहभागिता<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **अनुदान फिर्ता**<br>**संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा उक्त रकम असार मसान्त पश्चात फिर्ता गरेको छ ।** | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १७४६४८००० | १५१६६९११९।७० | २२९७८८८०।३४ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ७५५९७५५ | ७५५१२४७ | ८५०८ | ० |
| | विषेश | ५५००००० | ० | ५५००००० | ० |
| | समपुरक | ११८१०९२८।२० | ११७१५५९८ | ९५३३३०।२० | ० |
| | अन्य | ० | ० | ० | ० |
| | जम्मा | १९९५१८६८३।२० | १७०९३५९६४।७० | २९४४०७१८।५४ | ० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | २०७८-११-१ | **प्रकोप व्यवस्थापन कोष**<br>गाउँपालिकाले कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनका लागी निम्नानुसारको आम्दानी र खर्च गरेको विवरण पेश गरेको छ । | |

| आय | व्यय |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| शिर्षक | आय रकम | शिर्षक | व्यय रकम |
|---|---|---|---|
| वैंक मौज्दात अ.ल्या. | ५९७६४७०.९२ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५८०३२९/- |
| कोभिड अस्पताल अनुदान रकम | १०००००००/- | उद्धारराहत तथा पुर्नस्थापना | १००८८७९/- |
| | | क्वारेन्टिन तथा आईसोलेशन स्थापना तथा संचालन खर्च | ५११२०३/- |
| | | औषधि खरिद | १८९००८९/- |
| | | वाढीवाट क्षेतिग्रस्त खानेपानी योजनाका लागी पाईप खरिद | १२५०८५५/- |
| | | ईन्धन खर्च | ३३६४७८/- |
| | | मेशिनरी औजार खरीद | २०६०००/- |
| | | क्षेति ग्रस्त योजना निर्माण | ४२००००/- |
| | | कोभिड अस्थाई अस्पाताल अन्तर्गत औषधी खरिद | ५४९७९९/- |
| | | कोभिड अस्थाई अस्पाताल अन्तर्गत अस्पताल सहयोगीलाई पारिश्रमिक | ५८४४०/- |
| | | कोभिड अस्पताल वैंक मौज्दात | ३९१७६१/- |
| | | वैंक मौज्दात | २८३८४०.९२ |
| जम्मा | ६९७६४७०.७२ | जम्मा | ६९७६४७०.७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | ६ | २०७७-६-२१ | **विल भर्पाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले अमर वहादुर चन्द र राना किराना पसललाई आईसोलेशनका व्यक्तीलाई सामान उपलव्ध गराए वापत रु. २००६०६/- भुक्तानी भएको छ । संलग्न फांटवारीमा रु. १९४७१३/- को मात्र विल भर्पाई देखिएकोले विल भर्पाई वेगर भुक्तानी भएको रु. ५८९३/- सम्वन्धितवाट असुल गरी संचित कोषमा दाखिला हुनुपर्ने रु. | ५,८९३ |
| ३७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यस वर्ष विपद् व्यवस्थापन कोष शिर्षकवाट २९ जनालाई रु.२८४०००/- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले यसरी विपद् व्यवस्थापन कोषवाट खर्च लेख्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **राजस्व ढिलो दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ मा राजश्व रकम बुझ्ने र दाखिला गर्ने व्यवस्था छ । उक्त नियम को ५८ (४) मा कार्यालयले रु. ५ हजार रुपैया सम्मको नगदै बुझिलिई त्सस्तो राजश्व रकम दैनिक रुपमा खातामा जम्मा गर्नुपर्ने र सो गर्न नसकेकोमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र त्यस्तो नगद बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका विभिन्न वडाले राजस्व दैनिक रुपमा वैंक दाखिला नगरी ढिलो दाखिला गरेको देखिएकाले पालिकाले नियमावलीको पालना गरि वडालाई जिम्मेवार वनाउनुपर्दछ । | |

| वडा नं | महिना | राजस्व रकम | वैंक दाखिला मिति |
|---|---|---|---|
| ५ | श्रावण, भाद्र | ४३४६२/- | २०७७।६।११ |
| ४ | श्रावण, भाद्र, असोज र कार्तिक | ३८०५२/- | २०७७।८।१८ |
| ३ | भाद्र, आश्विन | ५१४६४/- | २०७७।७।२३ |
| १ | श्रावण, भाद्र | १३८५५/- | २०७७।६।१८ |
| १ | असोज, कार्तिक | २८२०५/- | २०७७।८।८ |
| ५ | मंसीर, पौष | २२५८५/- | २०७७।१०।७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **रसीद नियन्त्रण खाता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । पालिकाले चैत्र १ गतेसम्म राजस्वमा सफ्टवेयर लागु नगरी ठेलीको प्रयोग गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । साथै गाउँपालिकाले कुन वडालाई कतिवटा नगदी तथा मालपोत रसिद ठेली पठाएको हो सो मध्ये कति खर्च भयो, कति वाँकी छन् र उक्त वडावाट कति आम्दानी भयो जस्ता अभिलेख पेश नगरेकोले राजस्व आम्दानी भिडान गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **चिङ्गाडखोला दहत्तर बहत्तर शुल्कः शिलवन्दी दरभाउ पत्र**<br>शिशिर एण्ड बसन्त निर्माण सेवाले शिलबन्दी दरभाउपत्र वापत ७५८०००।०० मुल्य अभिवृद्धि कर सहित रकम असुल गरेको छ । शिशिर एण्ड बसन्त निर्माण सेवाले १३ प्रतिशत मुल्य अभिवृद्धि कर रु.८७,९३७।०० चिङ्गाड गाउँपालिका (स्थायी लेखा नं ) को नाममा आन्तरिक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ८७,९३७ |
| ४१ | २१,६२,८९ | २०७८-३-१७ | **दिवा खाजा**<br>कार्यक्रम कार्यन्वयन पुस्तीका२०७७।०७८ को क्रियाकलाप न ७.२.११.१ मा दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला, र कालिकोट जिल्लाका बाहेक जिल्लाहरुका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले ४५ विद्यालयलाई दिवा खाजा वापत रु.४६,७०,१८७।०० अनुदान निकासा दिएको छ । स्थानीय तहले दिवा खाजा उपलब्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यायलका प्रधानाध्यापक र विद्यालयव्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकीन भए पश्चात मात्र अनुदान दिनुपर्नेमा संलग्न फाँटवारीमा प्रमाण पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु. | ४,६७०,१८७ |
| ४२ | १३४ | २०७८-३-३० | **लैङ्गिक हिंसा निवारण कोष**<br>लैङ्गिक हिंसा निवारण कोष खडा गरी बैंकमा लेखा प्रमुख र पालिका प्रमुख प्रशासकिय अधिकृतको संयुक्त दस्तखतबाट खाता संचालन गर्ने गरी पालिकाले यस वर्ष संघिय सशर्त हस्तान्तरित कार्यक्रमबाट कोषमा रु.१००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कार्यविधि तयार भएको देखिएन । यसरी कार्यविधिको व्यवस्था नगरी पालिकाले अनुदानबाट सोझै कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td>८९</td><td>२०७८-३-१७</td><td>निशुल्क छात्रवृत्ति वितरण<br>कार्यक्रम कार्यन्वयन पुस्तीका २०७७।०७८ को क्रियाकलाप न ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (आवासीय तथा गैरआवासीय) को व्यवस्था भएबमोजिम छात्रा छात्रवृत्ति कक्षा १-८ कर्णाली प्याकेज समेत (गैर आवासीय) हकमा १-५ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु.१००० र कक्षा ६-८ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु.१५०० का दरले र दलित छात्रवृत्तितर्फ रु.४०० का दरले प्रदान गर्ने व्यवस्था छ । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिनुपर्दछ । पालिकाले देहायका विद्यालयलाई निकासा अनुदान दिदा विद्यार्थी संख्या भन्दा बढी निकासा दिएको असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>EMIS को तथ्यांक</th><th>निकासा</th><th>बढी</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>श्री नेरा आ.वि पुडे</td><td>३२</td><td>४६</td><td>१४</td><td>४००</td><td>५६००</td></tr>
<tr><td>श्री जनता मा.वि रानीवास</td><td>३१९</td><td>३२९</td><td>१०</td><td>४००</td><td>४०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>९६००।००</td></tr>
</table></td><td>९,६००</td></tr>
<tr><td>४४</td><td>१३४</td><td>२०७८-३-३०</td><td>नागरिक आवास कार्यक्रम<br>नेपाल सरकारले जारी गरेको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम स्थानिय तहबाट कार्यान्वयन गर्ने गरी कर्णाली प्रदेशको सुर्खेत जिल्ला अर्न्तगत चिङ्गाड गाउँपालिकामा नागरिक आवास कार्यक्रम लागु भएको छ । सोही व्यवस्था अनुसार पालिका भर २०० वटा आवास बनाउने लक्ष्य रहेको छ । लेखापरिक्षणको अवधि सम्म कार्यसम्पन्न प्रतिवेदन तथा विल भरपाइ पेश वेगर प्रति आवास रु.१२७६०।०० का दरले २०० वटा आवासको रु.२५,५२,०००।०० सम्बन्धित लाभग्राही व्यक्तिको बैंक खातामा दाखिला गरेको देखियो । सेवाग्राहीबाट निर्देशिकाले तोके अनुसार विल भरपाइ एवम् कार्यसम्पन्न भएको प्रमाण संलग्न फाटबारीमा नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु.</td><td>२,५५२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | १४,६२,६३ | २०७८-२-४ | **पाठ्यपुस्तक रकम भुक्तानी**<br>कार्यक्रम कार्यन्वयन पुस्तीका२०७७।०७८ को क्रियाकलाप न २.४.६.१ मासार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धमा **IEMIS** मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने । यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिने । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने । २०७८ बैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिनु पर्ने व्यवस्था छ । पालिकाले ४१ विद्यालयलाई उल्लेखित प्रमाण तथा विवरण वेगर पाठ्यपुस्तकको थप रकम वापत रु.३३,४१,८४२।०० निकासा अनुदान दिएकाले विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ३,३४१,८४२ |
| ४६ | | | **तलबी प्रतिबेदन**<br>शिक्षा सेवा ऐन, २०२८ बमोजिम स्थानीय तह अन्र्तगतका शिक्षकहरुको बार्षिक तलबी प्रतिबेदन शिक्षक किताव खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस स्थानीय तहका शिक्षकहरुको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । पालिकाले यस आ.ब.मा विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु.७,२४,९८,५८२।०० तलब खर्च लेखेको पाइएकोले कुन कुन शिक्षकले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>४९४९७</td><td>०</td><td>४९४९७</td></tr>
</table>
अद्यावधिक बेरुजु - यस पालिकाको २०७७।०७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>४९४९७</td><td>०</td><td>१८७४९</td><td>०</td><td>६८२४६</td></tr>
</table>
</td><td></td></tr>
</table>